# प्रभाव दैनिक

National Daily

वर्ष ११ | अंक ९६ | काठमाडौं | शनिबार, १२ साउन २०८१ | Prabhab National Daily | Saturday, July 27, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## टिआरसी विधेयकमा सरोकार भएकाहरूको सुझाव लिइने

**काठमाडौं (प्रस)–** संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) टुंग्याउन सरोकार भएकाहरूको सुझाव लिइने भएको छ । उक्त विधेयक टुंग्याउन गठित संयन्त्रको शुक्रबार बसेको बैठकले सरोकार भएकासँग सुझाव लिएर अन्तिम रूप दिने निर्णय गरेको हो ।

सिंहदरबारस्थित शुक्रबार बिहान गृह मन्त्रालयमा बसेको संयन्त्रको बैठकपछि नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौलाले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकका विषयमा आगामी सोमबार सरोकार भएकासँग सुझाव लिएर अन्तिमरूप दिनेगरी बैठक सकिएको जानकारी दिए । 'हामी यो विषयलाई अन्तिम रूप दिँदै छौं । अन्तिम ढाँचा तयार गर्न आवश्यक पर्ने केही सुझाव सोमबारसम्म लिन्छौं । परामर्शपछि कार्यदलको अन्तिम बैठक बसेर टुंग्याउँछौं,' उनले भने ।

पीडितमैत्री, सर्वोच्चको फैसला र अन्तर्राष्ट्रिय कानुनलाई आधार बनाएर विधेयकमा सहमति जुटाउने बर्तौलाले बताए । अर्को बैठकपछि अन्तिम बैठक बसेर प्रतिवेदन प्रधानमन्त्रीसहित शीर्ष नेताहरूलाई बुझाउने उनले उल्लेख गरे ।

संयन्त्रको बैठकमा उक्त विधेयकमाथि सहमति जुटाउने विषयमा छलफल भएको थियो । बैठकपछि सञ्चारकर्मीसँगको कुराकानीमा संयन्त्रका सदस्यसमेत रहेका नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले विधेयकमाथि सैद्धान्तिक सहमति जुटेको बताए । 'संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमाथि हामीले सैद्धान्तिक सहमति जुटाएका छौं । यस विषयमा आगामी सोमबार सरोकार भएकासँग छलफल गर्नेछौं । त्यसपछि संयन्त्रको बैठक बसेर यसलाई अन्तिरूप दिने सहमति भएको छ,' उनले भने । संयन्त्रमा नेपाली कांग्रेसबाट गृहमन्त्री रमेश लेखक, एमालेबाट मुख्यसचेतक बर्तौला र माओवादी केन्द्रबाट उपमहासचिव शर्मा रहेका छन् ।

### चालु आवको मौद्रिक नीति सार्वजनिक

# अर्थतन्त्रलाई थप गतिशील बनाउने लक्ष्य

मौद्रिक नीतिले मात्रै सबैकुरा सम्बोधन गर्न खोजियो भने त्यसले थप जोखिमहरु निम्त्याउँछ । मौद्रिक नीतिले बजारमा ब्याजदरलाई स्थिरता दिने र सँगसँगै लगानीका लागि वातावरण बनाइदिने हो । विभिन्न निकाय र नीतिहरूसँग तादम्यता मिलाएर काम गर्नुपर्ने हुन्छ ।

**■ महाप्रसाद अधिकारी**
**गभर्नर**

मौद्रिक नीति समग्रमा सकारात्मक नै छ । तर अब सर्कुलर कसरी आउँछन् भन्ने हो । कतिपय कुराहरु सर्कुलरमा पनि भरपर्छन् ।

**■ चन्द्रप्रसाद ढकाल**
**अध्यक्ष,**
**नेपाल उद्योग वाणिज्य महासंघ**



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले मुलुकको अर्थतन्त्रलाई थप गतिशील बनाउने लक्ष्यका साथ चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति ल्याएको छ । राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले शुक्रबार नयाँ मौद्रिक नीति सार्वजनिक गरेका हुन् ।

उनले मौद्रिक नीतिमा अर्थतन्त्रलाई गतिशील बनाउन सजगतापूर्ण लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिइएको बताए । 'वस्तुस्थितिको विश्लेषणका आधारमा सहज मूल्य र बाह्य क्षेत्र स्थितिलाई मध्यनजर राखी अर्थतन्त्रलाई गतिशील बनाउन सजगतापूर्ण लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिइएको छ,' शुक्रबार मौद्रिक नीति सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उनले भने ।

नीतिले उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तर सुधारमा जोड दिँदै वित्तीय स्थायित्व कायम हुनेगरी नियामकीय व्यवस्था गरेको छ । समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर नपर्नेगरी कर्जा प्रवाहलाई सहज बनाउन मौद्रिक नीति र नियामकीय नीतिबीच तादात्म्यता कायम गरिएको गभर्नर अधिकारीले जानकारी दिए ।

नेपाली रूपैयाँको भारतीय रूपैयाँसँग स्थिर विनिमयदरलाई मौद्रिक नीतिको अंकुशका रूपमा यथावत् राखिएको छ । मूल्यवृद्धि (मुद्रास्फीति)लाई पाँच प्रतिशतभित्र कायम गर्ने लक्ष्य मौद्रिक नीतिमा राखिएको छ । मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिनेगरी मौद्रिक व्यवस्थापन गरिने उल्लेख गरिएको छ । कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्नेगरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य छ ।

(क्रमशः पृष्ठ २ मा)

## मौद्रिक नीतिको समर्थनले प्रधानमन्त्री खुसी

प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्र बैंकले शुक्रबार सार्वजनिक मौद्रिक नीतिले बजारमा समर्थन र स्वागत पाएको बताएका छन् । शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राष्ट्रिय योजना आयोगका नवनियुक्त उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीको शपथ समारोहमा उनले उक्त भनाइ राखेका हुन् ।

'आज सार्वजनिक मौद्रिक नीतिले बजारमा समर्थन र स्वागत मिल्नु राम्रो कुरा हो । हामीले अब तीव्र गतिका साथ काम गरेर सबै नेपालीको क्षमता वृद्धि गर्नुपर्छ,' उनले भने ।

मौद्रि नीति सार्वजनिक भएपछि निजी क्षेत्रबाट सकारात्मक प्रतिक्रिया आएको छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्सलगायत निजी क्षेत्रका प्रतिनिमूलक संस्थाले मौद्रिक नीतिको स्वागत गरेपछि प्रधानमन्त्री ओलीको यस्तो प्रतिक्रिया आएको हो ।

## यस्ता छन् नयाँ प्रावधान

**■ हेमन्त जोशी**




**काठमाडौं–** नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमार्फत केही नयाँ व्यवस्था ल्याएको छ भने केही पुराना व्यवस्थालाई खुकुलो बनाएको छ । समग्र मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि राष्ट्र बैंकले सन्तुलित ढंगले सजगताका साथ लचिलो मौद्रिक नीति ल्याएको गभर्नर महाप्रसाद अधिकारीको भनाइ छ । अर्थतन्त्रलाई चलायमान बनाउन कर्जा विस्तारलाई प्राथमिकतामा राखिएको पनि स्वयं गभर्नर अधिकारीले बताइसकेका छन् । चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भएका केही मुख्य व्यवस्था यस प्रकारका छन् ।

### बैंकदर र नीतिगतदर घटाइयो

ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई सात प्रतिशतबाट साढे छ प्रतिशत र नीतिगत दर साढे पाँच प्रतिशतबाट पाँच प्रतिशत कायम गरिएको छ ।

### निर्माण व्यवसायीलाई राहत

मौद्रिक नीतिले निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गर्ने, उनीहरूलाई चेक अनादर भएका आधारमा मात्र कालोसूचीमा समावेश नगर्नेलगायत विभिन्न सहुलियत दिइएको छ ।

### पुँजीकोषमा सहजता

मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थापनमा सहजता, असल कर्जामा गर्नुपर्ने विद्यमान १.२० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई घटाएर १.१० प्रतिशत कायम गरिएको छ । त्यस्तै, रेगुलेटरी रिटेल पोर्टफोलिया (आरआरपी) को सीमालाई दुई करोड रूपैयाँबाट बढाएर दुई करोड ५० लाख रूपैयाँ कायम गर्नेलगायत व्यवस्था ल्याइएको छ ।

### विनाधितो ऋण

चालु आर्थिक वर्षको बजेटमा परेको वैदेशिक रोजगारमा जानेका लागि विनाधितो ऋण दिने व्यवस्थालाई मौद्रिक नीतिले पनि समेटेको छ । त्यस्तै, कृषि र नवप्रवर्तन क्षेत्रमा जाने कर्जा सहज बनाउने नीति पनि राष्ट्र बैंकले लिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

### नयाँ मौद्रिक नीति


# वैदेशिक रोजगारमा जानेलाई विनाधितो ऋण

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जानेलाई विनाधितो कर्जा उपलब्ध गराउने भएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमा यस्तो व्यवस्था गरिएको हो ।

'नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गरिने छ,' मौद्रिक नीतिमा भनिएको छ । सरकारले चालु आर्थिक वर्षको बजेटमा नै यो व्यवस्था गरेको थियो । राष्ट्र बैंकले बजेटमा भएको व्यवस्थालाई कार्यान्वयनमा लैजाने वातावरण तय गरेको हो ।

सरकारले बैंक खातामा विप्रेषण पठाउने श्रमिकहरूका लागि यसअघि नै विभिन्न सुविधा प्रदान गर्दै आएको छ । राष्ट्र बैंकले गरेको यो नयाँ व्यवस्थाले वैदेशिक रोजगारीमा रहेकाहरूलाई थप उत्साहित बनाउने अपेक्षा गरिएको छ ।




'वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गरिने छ'

सरकारले चालु आर्थिक वर्षमा वैदेशिक रोजगारबाट फर्किएका एक लाख जनालाई स्वरोजगार बनाउने महत्त्वाकांक्षी योजना घोषणा बजेटमार्फत अघि सारेको छ । 'वैदेशिक रोजगारबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजीमार्फत उद्यमशीलता प्रवर्द्धन गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई स्वरोजगार बनाइने छ,' बजेटको बुँदा नं. १३८ मा उल्लेख छ ।

त्यस्तै वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराइने पनि सोही बुँदामा उल्लेख गरिएको छ । विभिन्न देशसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गरी वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बिमा र तत्काल गुनासो सम्बोधनलगायतका विषयहरू थप व्यवस्थित गर्नेसमेत बजेटमा रहेको छ ।

यस्तै नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको पहिचान गरी रोजगारीका अवसरहरूको उपयोग गर्ने नीति अघि सारिएको छ । साथै आगामी आर्थिक वर्षमा थप तीन प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्ने, वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न गन्तव्य मुलुकको मागअनुसार आवश्यक सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइएको छ । बजेटमा वैदेशिक रोजगारीमा जानुपूर्व प्रदान गरिने अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने व्यवस्था मिलाउने उल्लेख गरिएको छ ।वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने पूर्ववर्ती सरकारको घोषणालाई वर्तमान सरकारले पनि निरन्तरता दिएको छ । । अहिले बाध्यात्मक रहेको वैदेशिक रोजगारलाई क्रमशः न्यूनीकरण गर्दै लैजाने सरकारको लक्ष्य छ ।

वैदेशिक रोजगारीबाट भित्रिने विप्रेषणले मुलुको अर्थतन्त्र धानिरहेको तथ्यांकबाट प्रस्ट हुन्छ । अर्थतन्त्र संकटमा रहेको अवस्थामा रेमिटचान्स बढ्दा मुलुकलाई राहत पुगेको अवस्था छ । गत आर्थिक वर्ष २०८०/८१ को ११ महिनामा नै मुलुकमा १३ खर्ब २७ अर्ब ५१ करोड रूपैयाँ विप्रेषण भित्रिएको छ । उक्त अवधिमा भित्रिएको विप्रेषण अघिल्लो आवको सोही अवधिको तुलनामा १९.३ प्रतिशतले बढी हो ।




# जाजरकोट भूकम्पपीडितलाई अनुदान दिन प्रधानमन्त्रीलाई ज्ञापनपत्र

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष जाजरकोट भूकम्पबाट प्रभावित अधिकांशले अस्थायी आवासका लागि अनुदान रकम अझै पाउन नसकेको विषयमा ध्यानाकर्षण गराएका छन् ।

रुकुम-पश्चिम र रुकुम-पूर्वका नेपाली कांग्रेस र नेकपा एमालेका केन्द्रीयस्तरका नेता, सांसदसहित जिल्ला नेतृत्वले शुक्रबार प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रधानमन्त्री ओलीलाई भेटेर गत कात्तिक १७ गतेको भूकम्पबाट प्रभावित भएकाका लागि सरकारले तय गरेको पहिलो र दोस्रो किस्ताको रकम यथाशीघ्र उपलब्ध गराउनुपर्ने विषयमा ध्यानाकर्षण गराएका हुन् ।



ज्ञापनपत्रमा पुनर्निर्माणका लागि कार्यालय स्थापना गर्न माग गरिएको छ । यसगैरी तत्कालीन सशस्त्र द्वन्द्वका समयका विभिन्न घटनामा नेकपा माओवादी केन्द्रइतर पक्षलाई राजनीतिक पहुँच र कानुनी प्रभावमा राखी लोकतन्त्रको अनुभूति गर्न नदिइएको गुनासो प्रधानमन्त्री ओलीसमक्ष गरिएको छ ।

ज्ञापनपत्र बुझाउन एमालेका पोलिटब्युरो सदस्य खेममान खड्का, कांग्रेसका राष्ट्रियसभा सदस्य कृष्णबहादुर रोकाय, एमालेका प्रतिनिधिसभा सदस्य चन्द्रबहादुर विश्वकर्मा, कांग्रेसका पूर्वराज्यमन्त्री गोपालजीजंग शाह, मुसिकोट नगरपालिकाका प्रमुख महेन्द्र केसी, रुकुमपूर्वका एमालेका जिल्ला अध्यक्ष लीलामणि गौतम, सोही कांग्रेसका प्रदेश सदस्य सरिता बिसी, रुकुम-पश्चिमका कांग्रेस जिल्ला अध्यक्ष प्रेमप्रकाश ओली, सोही जिल्लाका एमालेका जिल्ला अध्यक्ष नन्दराम देवकोटालगायत सहभागी थिए ।

पृष्ठ १ बाट क्रमशः

## अर्थतन्त्रलाई थप...

भारित औसत अन्तर बैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यका रूपमा यथावत राख्दै स्वचालित र नियममा आधारित खुला बजार कारोबारमार्फत नीतिगत दरकै हाराहारीमा कायम गर्ने लक्ष्य राखिएको छ । चालु आवको बजेटमा सरकारले अनुमान गरेबमोजिम छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फउन्मुख गर्ने मौद्रिक नीतिको लक्ष्य छ । यस्तै, विस्तृत मुद्राप्रदायको वृद्धिदर १२ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धिदर १२.५ प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको छ ।

गभर्नर अधिकारीले समग्र आर्थिक र वित्तीय प्रणालीलाई समस्या नपर्नेगरी सन्तुलित ढंगले सजगता साथ लचिलो मौद्रिक नीति आएको बताए । यद्यपि विद्यमान अर्थतन्त्रमा देखिएको शिथिलता अन्त्य गर्नका लागि मौद्रिक नीतिका व्यवस्थाहरू मात्रै पर्याप्त नहुने धारणा उनको भनाइ छ । 'मौद्रिक नीतिले मात्रै सबैकुरा सम्बोधन गर्न खोजियो भने त्यसले थप जोखिमहरू निम्त्याउँछ । मौद्रिक नीतिले बजारमा ब्याजदरलाई स्थिरता दिने र सँगसँगै लगानीका लागि वातावरण बनाइदिने हो । विभिन्न निकाय र नीतिहरूसँग तादम्यता मिलाएर काम गर्नुपर्ने हुन्छ,' उनले भने ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले चालु आर्थिक वर्षको मौद्रिक नीतिले तय गरेको कार्यदिशा सकारात्मक रहेको प्रतिक्रिया दिए । उनले निजी क्षेत्रले उठाइरहेका विषय र राष्ट्र बैंकलाई दिएका सुझाव सम्बोधन भएको बताए । यद्यपि, मौद्रिक नीति कार्यान्वयनका लागि राष्ट्र बैंकले जारी गर्ने परिपत्र (सर्कुलर) हरू कस्तो आउँछन् भन्ने कुराले पनि महत्त्वपूर्ण अर्थ राख्ने उनको भनाइ छ । 'मौद्रिक नीति समग्रमा सकारात्मक नै छ । तर अब सर्कुलर कसरी आउँछन् भन्ने हो । कतिपय कुराहरू सर्कुलरमा पनि भरपर्छन्,' ढकालले भने ।

चालु आर्थिक वर्षका लागि साढे १२ प्रतिशतको कर्जा विस्तारको लक्ष्य राखिनु तथा त्यसका लागि सहजताको नीति लिइनु, बैंकदर र नीतिगत दर घटाइनु, चालु पुँजी कर्जा मार्गदर्शनको व्यवस्थालाई लचक बनाइनु र बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थाका लागि सहज नीति लिइनु मौद्रिक नीतिका सकारात्मक पक्ष रहेको ढकालले बताए ।

● ● ●

## यस्ता छन्...

### चालु पुँजीकर्जा मार्गदर्शन संशोधन

'भेरियन्स एनालिसिस' गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८२ साउन १ गतेदेखि लागू हुनेगरी समयावधि थप गर्ने तथा लघु, घरेलु, साना एवं मझौला उद्यमका लागि तोकिएको एक करोडको सीमालाई पुनरावलोकन गर्नेगरी चालु पुँजी कर्जा मार्गदर्शनमा संशोधन गरिने मौद्रिक नीतिमा उल्लेख छ ।

### संस्थागत सेयर धितो कर्जाको सीमा हट्यो

संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाहरूले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम २० करोड रूपैयाँको सीमा खारेज गरिएको छ । व्यक्तिगततर्फको १५ करोडको सीमा भने यथावत् राखिएको छ ।

### कर्जा वर्गीकरण

निष्क्रिय वर्गको कर्जा नियमित भइसकेको अवस्थामा छ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्थालाई परिमार्जनगरी छ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था ल्याइएको छ ।

### कानुन निर्माण

सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा बनाएर सरकारलाई बुझाउने र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) मार्गदर्शन तयार पार्नेलगायत विषयहरू मौद्रिक नीतिमा परेका छन् ।

### सहकारी र लघुवित्त क्षेत्र व्यवस्थापन

बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारको सदस्यका नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा पाँच लाख रूपैयाँसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनको राष्ट्र बैंकले सहयोग गर्ने मौद्रिक नीतिमा उल्लेख छ । बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरीवेक्षणका लागि छुट्टै संयन्त्रको निर्माणका लागि आवश्यक कानुन बनाउन नेपाल सरकारसँग समन्वय गरिने पनि राष्ट्र बैंकले जनाएको छ । त्यस्तै, लघुवित्त संस्थाहरू गाभ्ने, कर्जाको पुनर्तालिकीकरण गर्ने तथा सेवा शुल्क परिमार्जन गर्ने, सेवाग्राहीको गुनासो व्यवस्थापनमा बढी ध्यान दिनेलगायत व्यवस्था राखिएका छन् ।

### आयात खुकुलो

ड्राफ्ट तथा टिटीका माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिएको छ । त्यस्तै, डकुमेन्ट अगेन्स्ट पेमेन्ट र डकुमेन्ट अगेन्स्ट एसेप्टेन्सका माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धिगरी अमेरिकी डलर एक लाख कायम गरिएको छ । यी व्यवस्थाले वस्तु आयात केही बढ्ने अनुमान गर्न सकिन्छ ।

### डलर खाताबाट हुने भुक्तानी सीमा बढाइने

नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमालाई वृद्धि गरिने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, राहदानीबापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधासम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गर्ने नीति पनि राष्ट्र बैंकले लिएको छ । विप्रेषण आप्रवाह, भ्रमण, व्यापारलगायतका क्रियाकलापलाई थप सहज हुनेगरी सटही गर्न सकिने विदेशी मुद्राहरूको विद्यमान सूची पुनरावलोकन गरिने जनाइएको छ ।

### भुक्तानी प्रणाली सुधार

राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक पर्ने पूर्वाधार र संस्थागत संरचना पार्ने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, भुक्तानी, समाशोधन र फर्स्योटसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई पब्लिक लिमिटेड कम्पनी बनाइने उल्लेख छ ।

### कर्जा विस्तारमा जोड

चालु आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले राखेको छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फउन्मुख गरिने मौद्रिक नीतिमा उल्लेख छ । चालु आर्थिक वर्षका लागि विस्तृत मुद्राप्रदायको वृद्धिदर १२ र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धिदर १२.५ प्रतिशतसम्म रहने प्रक्षेपण राष्ट्र बैंकले गरेको छ ।

### चेक बाउन्स हुँदैमा कालोसूचीमा नराखिने

चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्नेलगायतका व्यवस्था परिमार्जन गर्नेगरी विद्यमान कर्जा सूचना तथा कालो सूचीसम्बन्धी निर्देशनमा पुनरावलोकन गर्ने नीति राष्ट्र बैंकले लिएको छ । त्यस्तै, प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटलले लगानी गरेको संस्था कुनै कारणबस कर्जा चुक्ता गर्न नसकी कालोसूचीमा पर्ने अवस्था आएमा लगानी गर्ने प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटललाई कालोसूचीमा नपर्ने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ ।

### ऋणपत्र क्षेत्रगत कर्जामा गणना गरिने

चालु आर्थिक वर्षको मौद्रिक नीतिले ऊर्जासम्बन्धी ऋणपत्रहरूलाई क्षेत्रगत कर्जाका रूपमा गणना गर्न पाउने व्यवस्था गरेको छ । ऊर्जा क्षेत्रमा लगानी अभिवृद्धि गर्न ऊर्जा क्षेत्रसँग सम्बन्धित विशिष्टीकृत संस्थाबाट जारी गरिएका ऊर्जा बन्डलगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरिएको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHRKT ALTQY FACILITIES MANAGEMENT SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८०/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/११ | LT. No. 302698 | चलानी नं. ६०२१७६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 80 | 20 | 1000 | ३६,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १९ गते (3rd Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1287/074/75

KOPERASI INTERNATIONAL PVT. LTD.
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9767483111, Email: Koperasi227@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAJD BUSINESS CONTRACTING COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८१/०४/१० | LT. No. 307950 | चलानी नं. ६०२२२७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 3 | 0 | 1900 | ६७,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १९ गते (3rd Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODERN FOOD TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/११ | LT. No. :302000 | चलानी नं. ६०२१६९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १९ गते (3rd Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MS CHARMING LADIES SALON

पूर्व स्वीकृति मिति २०८१/०४/११ | LT No : 308011 | चलानी नं ६०२२२७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 1 | 1500 | ५४,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 2 | 1500 | ५४,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २० गते (4th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, १२ साउन, २०८१

- **मेष** व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने ।
- **वृष** अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ ।
- **मिथुन** सेवामुलक कामबाट धनलाभ प्राप्त हुने ।
- **कर्कट** धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ ।
- **सिंह** विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट ।
- **कन्या** मिहिनेतले उपलब्धि हासिल हुने ।
- **तुला** आत्माविश्वासको कमीले काममा पछि परिने ।
- **वृश्चिक** काममा प्रतिस्पर्धा बढ्न सक्छ ।
- **धनु** टाढाको यात्राको सम्भावना हुनेछ ।
- **मकर** हडवड गर्नाले काममा बाधा पुग्ने ।
- **कुम्भ** मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ ।
- **मीन** स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ साउन, २०८१ (२७ जुलाई, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.५७ | १३४.१७ |
| युरो | १ को | १४५.३१ | १४५.९६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.५९ | १७३.३६ |
| स्विस फ्रैन्क | १ को | १५०.२१ | १५०.८९ |
| अस्ट्रेलियन डलर | १ को | ८९.२६ | ८९.६७ |
| क्यानाडियन डलर | १ को | ९७.२५ | ९७.६९ |
| सिंगापुर डलर | १ को | ९९.२८ | ९९.७३ |
| जापानी येन | १० को | ८.४८ | ८.५२ |
| चिनियाँ युआन | १ को | १८.३७ | १८.४६ |
| साउदी अरब रियाल | १ को | ३५.६१ | ३५.७७ |
| कतारी रियाल | १ को | ३६.६३ | ३६.८० |
| थाई भाट | १ को | ३.६७ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३७ | ३६.५३ |
| मलेसियन रिङेट | १ को | २८.४९ | २८.६२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६१ | ९.६५ |
| स्विडिस क्रोनर | १ को | १२.५१ | १२.५६ |
| डेनिस क्रोनर | १ को | १९.४८ | १९.५७ |
| हङकङ डलर | १ को | १७.१० | १७.१८ |
| कुवेती दिनार | १ को | ४३७.०० | ४३८.९७ |
| बहराइन दिनार | १ को | ३५४.३० | ३५५.८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

सौर्य एयरको जहाज दुर्घटना

# पाँच जनाको शव आफन्तले बुझे



**काठमाडौं (प्रस)–** बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा ज्यान गुमाउनेमध्ये पाँच जानाको शव आफन्तले बुझेका छन् । शुक्रबार महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबाट मृतकका आफन्तले शव बुझेको अस्पताल प्रशासनले जनाएको छ ।

जहाज दुर्घटनामा ज्यान गुमाउने उद्धव पुरी, अश्मिन निरौला, श्याम विन्दुकर, राजाराम आचार्य र को-पाइलट सुशान्त कटवालका परिवारले शव बुझेको जनाइएको छ । बाँकी मृतकका परिवारले भने बिमा तथा क्षतिपूर्तिलगायतका माग पूरा नभएसम्म शव नबुझ्ने अडान राख्दै आएका छन् । साउन ९ गते बिहान ११ बजेर ११ मिनेटको समयमा काठमाडौंबाट पोखरा जान लागेको उक्त जहाज उड्नेबित्तिकै खसेर दुर्घटना भएको थियो । दुर्घटनामा पाइलट मनिषरत्न शाक्यबाहेक सबै १८ जनाको मृत्यु भएको थियो । मृत्यु हुने सौर्य एयरका कर्मचारी, इन्जिनियर तथा उनीहरूका आफन्त रहेका प्रहरीले जनाएको छ ।

### पाइलट शाक्यको उद्धार गर्ने प्रहरी पुरस्कृत

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको सौर्य एयरको जहाज दुर्घटनापछिको जोखिमपूर्ण अवस्थाबाट विमान चालकलाई सकुशल उद्धार गर्ने छ जना प्रहरी कर्मचारी पुरस्कृत भएका छन् । प्रहरी प्रधान कार्यालयले उक्त जोखिमपूर्ण अवस्थामा पाइलट मनिषरत्न शाक्यलाई सकुशल उद्धार गर्न सफल प्रहरी कर्मचारीलाई नगद पुरस्कारसहित सम्मान गरिएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

उनका अनुसार प्रहरी नायब उपरीक्षक सुकेदेव खनाल र टंक राउत तथा प्रहरी जवान श्रीराम परियार, करणसिंह चाइसिर, भीमप्रसाद गौतम र कृष्ण जोशीलाई पुरस्कृत गरिएको हो ।

### शाक्यको स्वास्थ्यमा सुधार

काठमाडौं मेडिकल कलेजमा उपचाररत रहेका पाइलट शाक्यको स्वास्थ्यमा सुधार आएको छ । कलेजकी निर्देशक प्रा.डा. मीना थापाले पाइलटको स्वास्थ्यमा सुधार आएको बताइन् । उनले ढाडको एउटा हड्डीका साथै देब्रेपट्टीको तीनवटा करङ भाँचिएकाले पूर्णरूपमा आराममा राखिएको बताइन् ।

'ढाडको हड्डी भाँचिएकाले हामीले पूर्णतया आराममा राखेका छौं,' उनले भनिन्, 'घर परिवारका बाहेकलाई भेट्न दिएका छैनौं ।' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको जहाज दुर्घटनामा गम्भीर घाइते भएका पाइलट शाक्यको अनुहार, आँखा, नाक तथा टाउकामा चोट लागेको बताइएको छ ।

# विद्यालय शिक्षा विधेयकमा अपांगतामैत्री विषय सुनिश्चित गर्न माग

**काठमाडौं (प्रस)–** सांसदहरूले 'विद्यालय शिक्षा विधेयक'मा अपांगतामैत्री विषय सुनिश्चित गर्न माग गरेका छन् । प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शुक्रबारको बैठकमा विधेयकमाथि संशोधन प्रस्तुत गर्दै सांसद निशा डाँगीले विद्यालयको भौतिक संरचना र पाठ्यक्रम अपांगतामैत्री हुनुपर्ने विषय ऐनमै समावेश गर्नुपर्नेमा जोड दिइन् ।

उनले निजी विद्यालयले विभिन्न शीर्षकमा विद्यार्थीसँग अनावश्यक शुल्क उठाइरहेकाले पोसाक, पुस्तक र कापी अभिभावक आफैंले खरिद गर्न पाउनुपर्ने व्यवस्थालाई विधेयकमा राख्नुपर्ने बताइन् । संशोधनकखर्ता अशोककुमार चौधरीले यौन शिक्षासँग सम्बन्धित विषय विद्यालयको तल्लो तहदेखि पाठ्यक्रममा राख्ने गरी विद्यालय शिक्षा ऐन संशोधन गर्नुपर्ने बताए । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलको क्रममा रहेको सो विधेयकमाथि १५२ सांसदले संशोधन हालेका छन् ।

सांसद लेखनाथ दाहालले ऋण लिएर विद्यालयको भवन भव्य बनाउने तर विद्यार्थी र शिक्षक नहुने समस्या ऐनमार्फत समाधान गर्नुपर्ने धारणा राखे । सांसद शिशिर खनालले सामुदायिक विद्यालयले निजी विद्यालयसँग प्रतिस्पर्धा गरी निजी विद्यालय अब्बल हुने गरी ऐन बनाउनुपर्नेमा जोड दिए । सांसद विराजभक्त श्रेष्ठले पुरातन शैलीको शिक्षाभन्दा अहिलेको आधुनिक प्रविधिसँग सुहाउँदो विद्यालय शिक्षा प्रणाली बनाउन माग गरे ।

विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण, विद्यालय शिक्षाका मूलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालय सञ्चालनसम्वन्धी विषय व्यवस्थित गर्न तथा विद्यालय शिक्षासम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने उद्देश्यले सो विधेयक ल्याइएको हो । त्यसैगरी विद्यालय स्थापना र सञ्चालन, पाठ्यक्रम तथा पाठ्यसामग्री र शैक्षिक गुणस्तर, परीक्षा सञ्चालन तथा व्यवस्थापन, सार्वजनिक विद्यालयका शिक्षक र कर्मचारी नियुक्ति, पदीय आचरण, सरुवा, कारवाही तथा अवकाशका विषयमा एकरूपता ल्याउन पनि विद्यालय शिक्षासम्बन्धी विधेयक ल्याउनुपर्ने आवश्यकता औंल्याइएको छ ।

# कीर्तिपुरका नगरप्रमुख नकर्मीको निधन

**काठमाडौं (प्रस)–** कीर्तिपुर नगरपालिकाका प्रमुख राजकुमार नकर्मीको निधन भएको छ । ६१ वर्षीय नकर्मीको बिहीबार राति उपचारका क्रममा वीर अस्पतालमा निधन भएको हो । उनी लामो समयदेखि मिर्गौला रोगबाट पीडित थिए ।

नगरप्रमुख नकर्मीको शुक्रबार अन्त्येष्टि गरिएको छ । कीर्तिपुरस्थित दिखु घाटमा नेवारी परम्पराअनुसार अन्त्येष्टि गरिएको हो । उनको पार्थिव शरीरमा छोरा राहुल नकर्मीले दागबत्ती दिए ।

अन्त्येष्टिअघि नगरप्रमुख नकर्मीको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका लागि बर्खाहिटीस्थित नगर कार्यपालिका भवनमा राखिएको थियो । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, कांग्रेस उपसभापति धनराज गुरुङ, उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, सांसद राजेन्द्रकुमार केसीलगायत पार्टीका स्थानीय नेता तथा कार्यकताले दिवंगत नकर्मीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

वि.सं. २०७९ मा भएको स्थानीय तह निर्वाचनबाट नकर्मी कीर्तिपुर नगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए । उनी लामो समयदेखि मिर्गौला रोगबाट पीडित थिए । नगरप्रमुख नकर्मीको जन्म २०२० असार २० गते कीर्तिपुर-३ मा भएको थियो । उनी



२०४० सालदेखि नेपाल विद्यार्थी संघ हुँदै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय थिए । उनका श्रीमती, एक छोरा र एक छोरी छन् ।

### आइतबार उपत्यकाका पालिकाहरूमा सार्वजनिक बिदा

यसैबीच आइतबार उपत्यकाभित्रका सम्पूर्ण स्थानीय तह र स्थानीय तह मातहतका निकायमा सार्वजनिक बिदा दिने निर्णय गरिएको छ । बिहीबार राति मृत्यु भएका कीर्तिपुर नगरपालिका प्रमुख राजकुमार नकर्मीको शोकमा काठमाडौं उपत्यका मेयर्स फोरमले काठमाडौं, ललितपुर र भक्तपुरका स्थानीय तहमा सार्वजनिक बिदा दिने निर्णय गरेको शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ ।

फोरमका अध्यक्ष चिरीबाबु महर्जनद्वारा जारी विज्ञप्तिमा उनको निधनको खबरले काठमाडौं उपत्यका मेयर्स फोरम परिवार अत्यन्तै मर्माहत र स्तब्ध भएको उल्लेख छ । 'उहाँको मृत्युले कीर्तिपुर नगरपालिकालगायत काठमाडौं उपत्यकाको विकासमा अपूरणीय क्षति पुगेको महसुस भएको । उहाँले यस फोरममा रही पुऱ्याउनुभएको योगदान हाम्रा लागि अविष्मरणीय छन्,' विज्ञप्तिमा भनिएको छ, 'काठमाडौं उपत्यका मेयर्स फोरम परिवार यो अपूरणीय क्षतिको दुःखद् घडीमा उनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । साथै उहाँको आत्माको चीरशान्तिको कामना गर्दै शोकाकूल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ । उहाँको निधनबाट उपत्यकाका सबै पालिकाहरू मर्माहत भएका छन् ।'

चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले पनि विज्ञप्ति जारी गर्दै नकर्मीका असामयिक निधन भएकामा नगरपालिका परिवार अन्यन्त मर्माहत भएको र यस दुःखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छन् । उनले यही साउन १३ गते आइतबार चन्द्रागिरि नगरपालिका र मातहतका निकायमा शोक बिदा गरिएको जानकारी दिए ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८१/०४/१२

यस कम्पनीको मिति २०८१/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **लुकेशरी इङ्गलिस बोर्डिङ्ग स्कुल सिरहा प्रा.लि. (प्रा.लि. नं. १४३६६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सक्षम बोर्डिङ्ग स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बधी सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०४/१२

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान २१२ को १८२९.३२ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

पशुपति सामुदायिक वन उपभोक्ता समूह
बागमती-७, मकवानपुर

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बधी सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०४/१२

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १३७ को १९८३.०८ घनफिट काठ र साल जातको दाउरा २.२५ चट्टा जे-जस्तो अबस्थामा छ, सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

शक्तिशाली सामुदायिक वन उपभोक्ता समूह
बागमती-७, मकवानपुर

**Fewa HR Solutions Pvt. Ltd.** श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः Adeeb for the Manufature of Interior and Exterior Signs A Branch of the Adeeb Company for Industry
पूर्व स्वीकृति मिति २०८१/०४/११ LT. No. 308034 चलानी नं. ६०२२२७२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 6 | 0 | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manufacturing Worker | 3 | 0 | 1000 | ३५,७०० | | | | | | | |
| 3 | Packaging And Wrapping Worker | 7 | 0 | 1000 | ३५,७०० | | | | | | | |
| 4 | Technical Specification Writer | 3 | 0 | 2200 | ७८,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १९ गते (3rd Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AURORA HAIR LADIES BEAUT
पूर्व स्वीकृति मिति : २०८१/०४/११ LT. No. 308013 चलानी नं. ६०२२२७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/Pedicure/Nail Technician/Hair Dresser/Bea | 0 | 6 | 150 | ६५,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १९ गते (3rd Aug 2024) मा हुनेछ ।

कम्पनी : CITY GROUP FOR GENERAL TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०७९/०९/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/११ LT. No. 278376 चलानी नं.६०१९७९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 54 | 99 | 550 | २३८,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः म्यारियट होटल, काठमाडौंमा मितिः २०८१ साउन २१ देखि २५ गते (5-9 Aug. 2024)सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.
Govt. License 593/062/63
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT!!!**
**शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: Al Maousherji Catering Co, Kuwait (McDonald's Company)
कम्पनी : अल मसुरजी क्याटरिङ को, कुवेत

Pre Approval Date : 2024-07-26 | LT. No. 308002 | चलानी नं. ६०२२२७४६
पूर्व स्वीकृति मिति : २०८१/०४/११ | एल टि न. ३०८००२ | Invoice No. 60222746

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew/Waiter | 150 | 200 | 120 | ५२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Pre-interview is going on. Final interview will be conducted in the office on 3rd Aug, 2024.
प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ । अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १९ गते हुनेछ ।

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा इमराल्ड आयल नेपाल लि. प्रा. लि. मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Emerald Isle Nepal Pvt Ltd to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कसले ब्यहोर्ने who will bear the Service Fee: रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Emerald Isle Nepal Pvt Ltd(Gulmi Overseas Pvt Ltd) does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.
हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम इजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4588542/4589323
Mob: 9801874000, 9801248108, 9801248107, 9801248106, 9801879000,
Send Documents on cv.einepal@gmail.com,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com.np

### फिल्म 'लाइफ ड्यामेज'को शुभमुहूर्त

नेपाली फिल्म 'लाइफ ड्यामेज'को शुभमुहुर्त गरिएको छ । शुक्रबार काठमाडौँको कमलादीस्थित गणेश मन्दिरमा पूजा गर्दै फिल्मको मुहूर्त गरिएको हो । फिल्म निमेष श्रेष्ठले निर्देशन गर्न लागेका हुन् । फिल्ममा निर्देशक श्रेष्ठ र अभिनेत्री सुरक्षा पन्तको मुख्य अभिनय रहनेछ । फन रिभोलुसन इन्टरटेनमेन्टको ब्यानरमा बन्ने फिल्ममा सुरक्षा र निमेषको अलवा ईशा थापा, सञ्जना महर्जन, अमोघ अर्याल, अनिशजङ्ग थापा, अजय पन्त, निरु खड्का लगायतको अभिनय रहने छ । फिल्म निमेष श्रेष्ठ र ईशा थापाले लेखेका हुन् । 'अर्काको जुत्तामा उभिँदा वा अरुको जीवन बाँच्दा हुने अनुभव फिल्ममा हेर्न पाइने छ' निर्देशक श्रेष्ठले भने ।





# 'ग्लोरी टिन एण्ड किड्स ट्यालेन्ट' प्रतियोगिता साउन १९ मा




■ प्रभाव संवाददाता

**काठमाडौं–** बालबालिका लक्षित प्रतियोगिता 'ग्लोरी टिन एण्ड किड्स ट्यालेन्ट' हुने भएको छ । ग्लोरी मिडियाले राष्ट्रिय बाल दिवसको अवसर पारेर यो प्रतियोगिता आयोजना गर्न लागेको हो । आयोजकका अनुसार यही साउन १९ गते शनिबार राजधानीमा प्रथम अडिसन हुँदैछ ।

ग्लोरी मिडियाका अध्यक्ष एवम् प्रबन्ध निर्देशक सरोज ओझाका अनुसार ७ देखि १८ वर्षसम्मका बालबालिकाहरूले प्रतियोगितामा भाग लिन पाउनेछन् । 'जसमा ७ वर्षदेखि १२ वर्ष उमेर समूहका बालबालिकाले किड्स ट्यालेण्ट र १३ देखि १८ वर्ष उमेरका बालबालिकाहरूले टिन ट्यालेण्टमा भाग लिन पाउनेछन् । प्रतियोगीहरूले करिब २० दिन अवधिको कोरियोग्राफीसहित व्यक्तित्व विकास, आत्मविश्वास, मोडलिङ, क्यामेरा फेस तथा टेलिभिजन कार्यक्रम सञ्चालनलगायतका विषयमा प्रशिक्षण प्राप्त गर्नेछन्', उनले भने ।

प्रतियोगिताअन्तर्गत प्रथम अडिसन पश्चात प्रशिक्षण शुरु हुनेछ भने भाद्र २९ गते राष्ट्रिय बाल दिवसको अवसरमा फिनाले हुनेछ । प्रतियोगीहरूलाई अन्तर्राष्ट्रिय कोरियोग्राफर रोजिन शाक्यले कोरियोग्राफी गर्नेछन् ।

'यो सौन्दर्य प्रतियोगिता मात्रै नभई वृहत र बाल सहभागितामुलक टेलिभिजन कार्यक्रम निर्माणको तयारी पनि हो । त्यसैले यो प्रतियोगिता अन्य प्याजेन्ट शो भन्दा भिन्न हुनेछ र हामी बालबालिकामैत्री शोको अवधारणालाई अगाडि बढाउने प्रयत्न यसै प्रतियोगिता मार्फत गर्दैछौं', अध्यक्ष तथा प्रबन्ध निर्देशक ओझाले भने ।


प्रतियोगिताका उपाधी विजेताले नगद २५ हजार, फर्स्ट रनर अपले १५ हजार र सेकेण्ड रनर अपले १० हजार नगदसहित पोखरा जाने आउने टुरिष्ट बसको टिकट र अन्य पुरस्कार पाउनेछन् । विजेताले ग्लोरी मिडियाले एनटिभि न्युजमा बुधबार राती ९:१५ मा प्रस्तुत गर्दै आएको पाक्षिक कार्यक्रम 'सचेतना'मा बालबालिका 'विशेष एपिसोड' सञ्चालनको अवसर पाउनेछन् ।

ग्लोरी मिडियाको साझेदार कम्पनी राज्य मिडिया नेटवर्कका सिइओ डेभिल सिंह राजपुतले प्रतियोगिता बालबालिकाहरूको अधिकारलाई समेत मुखरित गर्नेमा आफु विश्वस्त रहेको बताए ।

प्रतियोगिताका लागि ग्लोरीले वर्ल्ड टच टुर्स एण्ड ट्राभल्स, ल्होत्से थकाली, ग्रिन भ्याली रिसोर्ट, ग्लोबल अनलाईन पे, घोरीवाला मार्ट, एभेन्टोज नेपाल, मोडल सङ्स नेपाल, राज्य मिडिया नेटवर्कलगायतसँग साझेदारी गरेको छ । ग्लोरीले टेलिभिजन कार्यक्रमतर्फ बाल कार्यक्रम 'बाल आवाज', हाँस्य टेलिश्रृङ्खला 'कुरा मात्र भो', कुकिङ रियालिटी शो 'कलेज सेफ आईकन', शान्ति तथा परिवार विशेष कार्यक्रम 'आदर्श परिवार' हुँदै हाल एनटिभी न्युजमा कार्यक्रम 'सचेतना' प्रस्तुत गर्दै आएको छ । ग्लोरीले इभेन्टतर्फ 'फेस अफ नेशन', 'द मम', 'सुपर प्लस साईज मोडल', 'नेक्स्ट सुपर मोडल'लगायतका इभेन्टमा साझेदारी गरिसकेको छ ।

# अस्ताए 'कान्छी मट्याङट्याङ'का गायक एलपी जोशी

■ प्रभाव संवाददाता



**झापा–** नेपाली लोकसंगीतका प्रतिभाशाली गायक लक्ष्मीप्रसाद (एलपी) जोशीको ८८ वर्षको उमेरमा निधन भएको छ । दमक-१ स्थित आफ्नै निवासमा बिहीवार साँझ बेहोस भएका उनको उपचारका क्रममा लाइफ लाइन अस्पतालमा निधन भएको हो ।

विसं १९९३ मा धनकुटा बजारमा जन्मिएका गायक जोशीलाई जनस्तरबाट 'लोकगीतका सम्राट'को उपाधि दिइएको थियो । उनले 'रिटिङ रिटिङ नबजाऊ बिनायो', 'वल्लो खोलो पल्लो खोलो, कमिलाको गोलो हजुर', 'निगालो घारीमा च्याखुरा नाच्यो', 'कान्छी मट्याङट्याङ' लगायत दर्जनौं कालजयी गीत गाएका थिए । पूर्वेली लोकभाका उनी गीत गाउँथे । 'रिटिङ रिटिङ नबजाऊ बिनायो' गीत २०१७ सालमा रेकर्ड भएको थियो ।

उनी चित्रकार र अभिनेता पनि थिए । चलचित्र 'हिजो आज भोलि'मा उनले नायिका भुवन चन्दसँग नायकको भूमिकामा अभिनय गरेका थिए । उनले नौवटा चलचित्रमा अभिनय गरेका थिए । सुसेली साहित्यिक परिवारका अध्यक्ष पुण्यप्रसाद खरेलले लोकगायक एलपी जोशीको निधन नेपाली लोकसङ्गीतको क्षेत्रमा अपूरणीय क्षति भएको बताए । 'उहाँ घाँस दाउरा गर्ने भुइँमान्छेहरूको भावना टपक्कै टिपेर सङ्गीतको लयमा ढाल्नुहुन्थ्यो', खरेलले शोक वक्तव्य जारी गरेर भनेका थिए ।

विसं २०१३ मा उनको पहिलो गीत 'नेपालको माया..' रेडियो नेपालमा रेकर्ड भएको थियो । नेपाली मौलिक गीतहरूको खोजमा मुलुकका सयौं गाउँबेँसीहरू घुमेको र नेपाली लोकसङ्गीतको भण्डारलाई समृद्ध बनाउन योगदान पुऱ्याएका उनलाई देशभित्र र प्रवासमा सयौं पुरस्कार प्राप्त भएको थियो । विसं २०५३ मा म्युजिक नेपालबाट उनको 'रिटिङ रिटिङ' नामक एकल गीति एल्बम बजारमा आएको थियो ।

# नयाँ ऐन छिट्टै ल्याउन कलाकारको माग

काठमाडौं (प्रस)- चलचित्र कलाकारहरूले सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङसँग नयाँ ऐन छिट्टै ल्याउन माग गरेका छन् । चलचित्र क्षेत्र अहिलेसम्म चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बाट सञ्चालित रहेको र त्यसले यो क्षेत्रको समस्या समाधान गर्न नसकेको जानकारी समेत मन्त्री गुरुङलाई गराएका थिए ।

वरिष्ठ हास्य अभिनेत्री तथा चलचित्र कलाकार कल्याणकारी कोषकी संरक्षक वसुन्धरा भुसालको नेतृत्वमा बिहीबार कलाकार हरूको एक जम्बो टोली मन्त्रालय नै पुगेर मन्त्री गुरुङसँग भेट गरेको थियो । टोलीमा चलचित्र कलाकार सङ्घका अध्यक्ष मोहन निरौला, निवर्तमान अध्यक्ष रवीन्द्र खड्का, सचिव रामेश्वर बुर्लाकोटी, सदस्य उद्धव भट्टराईलगायत रहेका थिए ।

उक्त अवसरमा संघका अध्यक्ष निरौलाले स्वदेशी चलचित्रको प्रोत्साहनका लागि विदेशी चलचित्रमा कोटा प्रणाली, ट्याक्स वृद्धि र कलाकर्मीसँग सम्बन्धित संघ संस्थाका लागि अनुदान र समयसापेक्ष ऐन व्यवस्थापनका लागि माग गरेका थिए । भेटमा मन्त्री गुरुङले कलाकारको मागको विषयमा आफू सकारात्मक रहेको र सक्दो सहयोग गर्ने बचन दिएको अध्यक्ष निरौलाले बताए ।

'मन्त्रीज्युले हाम्रो कुरा ध्यान दिएर सुन्नुभयो । समस्या समाधानमा पहल गर्छु भन्नुभयो', कलाकार संघका अध्यक्ष निरौलाले भने- 'उहाँबाट हाम्रो समस्या समाधान हुनेमा ढुक्क छौं ।' कलाकारको मागको विषयमा मन्त्री सकारात्मक रहेको निरौलाको भनाई छ ।

त्यस्तै, बिहीबार नै चलचित्र पत्रकार सङ्घ नेपालको एक टोलीले पनि मन्त्री सुब्बासँग भेट गरेको छ । चलचित्र पत्रकार सङ्घका अध्यक्ष समीर बलामीको नेतृत्वमा पुगेको टोलीमा सङ्घका उपाध्यक्ष कुबेर गिरी, सुरक्षा भट्टराई, महासचिव रघुनाथ सापकोटा, सदस्य सिपी जैसी लगायत रहेका थिए । भेटका अध्यक्ष बलामी र उपाध्यक्ष गिरीले वर्तमान समयको चलचित्र पत्रकारिताको अवस्था र समस्याको विषयमा जानकारी गराएका थिए ।



## एन्फा यू-१८ फुटबल

# पुलिस र सातदोबाटो विजयी

■ प्रभाव संवाददाता



**काठमाडौं–** जावलाखेल युथ क्लबलाई पराजित गर्दै विभागीय टोली नेपाल पुलिस क्लब एन्फा यु-१८ युथ लिगको शीर्ष स्थानमा उक्लिएको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा शुक्रबार सम्पन्न दोस्रो खेलमा पुलिसले ३-१ को जित हासिल गरेको हो । जितसँगै पुलिसले चार खेलमा १० अंक जोडेको छ । पराजित जावलाखेलको समान खेलबाट दुई अंक छ ।

२५औं मिनेटमा सुवास बमले गोल गर्दै पुलिसलाई सुरुआती अग्रता दसलाएका थिए । त्यसको सात मिनेटपछि सुवासले नै टोलीको अग्रता दोब्बर बनाए ।

४४औं मिनेटमा साजन गौतमले पुलिसका लागि तेस्रो गोल गरे । पहिलो हाफको इन्जुरी समयमा निशा राईले गोल गर्दै खेललाई ३-१ को स्थितीमा ल्याए । त्यसपछि थप गोल निस्कन सकेनछ ।

त्यस्तै सातदोबाटो युथ क्लबले एन्फा यु-१८ युथ लिगमा पहिलो जित हासिल गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मा शुक्रबार सम्पन्न दिनको पहिलो खेलमा सातदोबाटोले शीर्ष स्थानमा रहेको मनाङ मर्स्याङ्दी क्लबलाई २-० गोलअन्तरले पराजित गरेको हो ।

जितसँगै सातदोबाटोले चार खेलबाट चार अंक जोडेको छ । समान खेलबाट मनङको भने नौ अंक रहेको छ ।

खेलको १३औं मिनेटमा सोनम छिरिङ गुरुङले गोल गर्दै सातदोबाटोलाई सुरुआती अग्रता दिलाएका थिए । ७२औं मिनेटमा प्रज्वल कार्कीले गोल गर्दै टोलीलाई २-० को सहज जित दिलाए ।

# रोड टु टोटनह्याम : दोस्रो टोली बेंग्लोर प्रस्थान

■ प्रभाव संवाददाता

**काठमाडौं–** भगवती क्लब टोखाको आयोजनामा भएको रोड टु टोटनह्याम कार्यक्रम अन्तर्गत छनोट भएका फुटबल खेलाडीहरूको दोस्रो टोली मंगलबार बेङ्गलोर प्रस्थान गरेको छ ।

भगवती क्लबका पूर्वअध्यक्ष प्रकाश श्रेष्ठ तथा व्यवस्थापक राजु विक्रम थापाको नेतृत्वमा ४६ सदस्यीय टोलीले बेङ्गलोरको किक स्टार्ट फुटबल क्लब (एफसी) मा छनोट परीक्षण दिनेछन् । परीक्षणबाट उत्कृष्ट खेलाडीको रूपमा छनोट हुन सफल खेलाडीहरूले किक स्टार्ट एफसीमा प्रशिक्षण प्राप्त गर्ने र प्रशिक्षणमा उत्कृष्ट खेलाडीहरूले टोटनह्याममा सहभागिता जनाउने कार्यक्रम संयोजक मनिष जोशीले जानकारी गराए ।

बेङ्गलोर गएको टोलीले तीन दिनसम्म शारीरिक, खेल कौशलता परीक्षणका साथै अन्य प्रशिक्षण र किक स्टार्टले आयोजना गरेको प्रतियोगितामा सहभागिता जनाउने छन् । त्यसपश्चात खेलाडीहरू नेपाल फर्कने र परीक्षणमा छनोट हुन सफल खेलाडीहरूले आवश्यक प्रक्रिया पूरा गरेर पुनः एकेडेमीमा प्रशिक्षण लिन जानेछन् ।

यसअघि छनोट चरणमा सहभागी ३६ खेलाडीमध्ये ५ खेलाडीले पूर्ण छात्रवृत्ति प्राप्त गरेका छन् भने अन्य खेलाडीले ९० प्रतिशतदेखि १० प्रतिशत सम्मको छात्रवृत्ति प्राप्त गरेका छन् । रोड टु टोटनह्याम कार्यक्रममा देशभरका करिब ३ हजार खेलाडीको सहभागिता रहेको थियो । किक स्टार्ट एफसीबाट नेपाल आएका चार सदस्यीय प्रशिक्षकहरूको टोलीले दुई दिनसम्म सञ्चालन गरेको कार्यक्रमबाट पहिलो चरणमा छनोट हुन सफल खेलाडीहरूलाई दोस्रो चरणको लागि बेङ्गलोरमा छनोट गर्न लागिएको हो ।

## काभा वुमन्स नेसन्स लिग

# खेल तालिका सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** काभा वुमन्स नेसन्स लिग भलिबलको खेल तालिका र ट्रफी सार्वजनिक भएको छ । नेपाल भलिबल संघ (एनभीए) ले शुक्रबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिता साउन १७ देखि २३ गतेसम्म त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आयोजना हुने जानकारी गराएको हो । प्रतियोगितामा नेपालसहित मध्य एसियाका ५ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् । एनभिएका अनुसार नेपाल, भारत, श्रीलंका, माल्दिभ्स र इरानले प्रतियोगितामा सहभागिता जनाउनेछन् ।

नेपालले उद्घाटन खेलमा श्रीलंकासँग प्रतिस्पर्धा गर्नेछ । पहिलो दिनमै भारत र इरानबीच दोस्रो खेल हुनेछ । नेपालले दोस्रो खेल साउन १८ गते भारतसँग, तेस्रो खेल साउन १९ गते इरानसँग र चौथो खेल साउन २० गते माल्दिभ्ससँग खेल्नेछ ।

लिग चरणको खेलपछि शीर्च चारमा रहने टोली सेमिफाइनल प्रवेश गर्नेछन् । लिगमा पहिलो र चौथो तथा दोस्रो र तेस्रो भएको टोलीबीच सेमिफाइनल खेल हुनेछ । प्रतियोगितामा लिग चरणका १० सेमिफाइनल २ तथा फाइनल र तेस्रो स्थान खेल गरी कूल १४ खेल हुनेछ ।

यसैगरी काभा वुसन्स लिगको विजेताले पाउने ट्रफी पनि शुक्रबारै सार्वजनिक गरिएको हो । एनआरएनएका पूर्व अध्यक्ष उपेन्द्र महतोले विजेताले पाउनृ ट्रफी अनावरण गरे । वुमन्स नेसन्स लिगका लागि नेपाली राष्ट्रिय महिला भलिबल टोली अहिले तयारी गरिरहेको छ ।

अरुणा शाहीको कप्तानीमा रहेको नेपालले काभा नेसन्स लिगकै तयारी स्वरूप रुसियन महिला टिमसँग राखेप कभर्डहलमै दुई मैत्रीपूर्ण खेल समेत खेलेको थियो । शारीरिक रूपमा अग्ला र अनुभवी टोलीविरुद्ध खेल्दा नेपालले आफ्नो कमजोरीहरू पत्ता लगाउने अवसर पाएको थियो । यस्तै नयाँ कुरा सिक्ने अवसर समेत मिलेको थियो ।

नेपाली टिमका मुख्य प्रशिक्षक जगदिश भट्टले ५० दिनदेखि टिमको तयारी भईरहेको र रसियन टिमसँगको मैत्रीपूर्ण खेलबाट कमीकमजोरी सुधार गर्ने अवसर भएको बताए ।

खेलाडीको उत्साह र कन्फिडेन्स लेभल धेरै बढेको पनि प्रशिक्षक भट्टले बताए । उनले नेपाली टिमले ट्रफी उचाल्ने आशा भएको बताए । होम कोर्ट र घरेलु समर्थनले नेपाललाई फाईदा पुग्ने उनले बताए।नेपाल भलिबल संघका महासचिव रोशन श्रेष्ठले रसियन टीमसँगको मैत्रीपूर्ण खेलबाट नेपालमा भलिबलको क्रेज कति छ भनेर फेरि देखाएको बताए ।

सचिव श्रेष्ठले काभा नेसन्स लिग नेपालको लागि महत्वपूर्ण प्रतियोगिता भएकोले सबैलाई सपोर्ट गर्न आग्रह गरे । प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भईसकेको भलिबल संघले जनाएको छ । ट्रफी अनावरण गर्दै एनआरएनएका पूर्व अध्यक्ष उपेन्द्र महतोले रसियन टिमसँगको मैत्रीपूर्ण खेल सफलतापूर्वक सम्पन्न भएको भन्दै काभा वुमन्स नेसन्स लिगमा विजेता बन्न शुभकामना दिए ।

प्रतियोगिताको आयोजनाका लागि संघका अध्यक्ष जितेन्द्स बहादुर चन्दको संयोजकत्वमा विभिन्न २१ वटा उप समिति गठन गरि काम सुरु भईसकेको संघले जनाएको छ ।



इजिप्टको कायरोस्थित इटालियन संस्कृति केन्द्रमा नृत्य प्रस्तुत गर्दै सुडानी क्यामिराटा ब्याण्डका कलाकारहरू । *तस्बिरः एपी*

# श्रीलंकामा सेप्टेम्बर २१ मा राष्ट्रपतिको निर्वाचन हुने




**कोलम्बो–** श्रीलंकामा अनपेक्षितरूपमा आएको आर्थिक संकटका कारण भएको देशव्यापी आन्दोलनले निर्वाचित राष्ट्रपतिलाई विस्थापित गरेपछि सेप्टेम्बरमा पहिलोपटक उक्त पदका लागि मतदान हुने निर्वाचन आयोगले शुक्रबार जनाएको छ ।

सन् २०२२ को आर्थिक मन्दीका कारण महिनौंसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव भएपछि हुन लागेको यो निर्वाचन जनताको मनोदशाको पहिलो परीक्षण हुने छ । सडक प्रदर्शनका कारण आफ्ना पूर्ववर्तीलाई देश छोड्न बाध्य बनाएपछि पदभार ग्रहण गरेका ७५ वर्षीय राष्ट्रपति रनिल विक्रमासिंघेले आफू चुनाव लड्ने योजना रहेको संकेत गरेका छन् ।

उनले अन्तर्राष्ट्रिय मुद्रा कोषको बेलआउट प्याकेज पूरा गर्न उनको नेतृत्वको सरकारले लागू गरेको मितव्ययिताका उपायहरूको विरोधमा अभियान चलाउने कम्तीमा दुई प्रतिद्वन्द्वीहरूको सामना गर्ने छन् । कमजोर आर्थिक पुनरुत्थान र जीवनयापनको लागतका विषयमा स्थानीय असन्तोषसँग जुधिरहेको देशमा आयोगले घोषणा गरेको निर्वाचनको पाँच हप्ते अभियान सेप्टेम्बर २१ मा टुंगिने छ । सन् २०२२ मा मुलुक अहिलेसम्मकै सबैभन्दा खराब आर्थिक मन्दीबाट बाहिर निस्कँदा आर्थिक मुद्दाहरू यस अभियानमा हावी हुने अपेक्षा गरिएको छ, जब कूल गार्हस्थ उत्पादन (जिडिपी) ७.८ प्रतिशतले खुम्चिएको छ । संकटको चरमोत्कर्षमा रहेको मुद्रास्फीति ७० प्रतिशतको शिखरबाट सामान्य स्तरमा फर्किएको छ ।

विक्रमासिंघेले सन् २०२२ को सरकारी डिफल्टपछि चीनलगायत द्विपक्षीय ऋणदाताहरूसँग श्रीलंकाको ४६ अर्ब अमेरिकी डलरको विदेशी ऋणको पुनर्संरचनाका लागि पनि सफलतापूर्वक वार्ता गरेका छन् । तर करवृद्धि गरेर र उदार उपयोगिता अनुदान फिर्ता लिएर सरकारका पुस्तकहरूलाई सन्तुलित गर्ने उनको नीतिहरू जनताका लागि गहिरो अलोकप्रिय छन् । आर्थिक संकटको चरमोत्कर्षमा देखिएको महिनौं लामो खाद्यान्न, इन्धन र औषधिको अभाव अहिले टाढाको कुरा भए पनि धेरै श्रीलंकावासीले विक्रमासिंघेको मितव्ययिताका उपायहरूले उनीहरूलाई आफ्नो गुजारा चलाउन संघर्ष गर्नुपरेको बताएका छन् ।

विपक्षी दलले विक्रमासिंघेले गत वर्ष गरेको दुई अर्ब ९० करोड अमेरिकी डलरबराबरको अन्तर ाष्ट्रिय मुद्रा कोष (आइएमएफ) को बेलआउटका सर्तमा पुनः वार्ता गर्ने प्रतिबद्धता जनाएका छन् । राष्ट्रपतिका मुख्य प्रतिद्वन्द्वी ५७ वर्षीय सजिथ प्रेमदासा छन् । उनी एक समयका पार्टीका सहयोगी र वर्तमान विपक्षी नेता हुन् ।

प्रेमदासाले आर्थिक सुधार र आइएमएफको कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् तर विक्रमासिंघेले राज्यको राजस्व बढाउन लगाएको करवृद्धिलाई कम गरेर जनतालाई राहत दिने प्रतिबद्धता जनाएका छन् । एउटा बामपन्थी पार्टीले आफ्ना नेता ५५ वर्षीय पूर्वकृषिमन्त्री अनुरा कुमारा दिसानायकेलाई पनि चुनावी मैदानमा उतारेको छ। उनले सरकारी कम्पनीहरूको निजीकरण गर्ने योजनाको विरुद्धमा अभियान चलाइरहेका छन् । विक्रमासिंघेले सन् २०२२ मा पूर्ववर्ती गोटाबाया राजापाक्षले जनआन्दोलनको दबाबमा राजीनामा दिएपछि संकटको समयमा देशको जिम्मेवारी सम्हालेका थिए । श्रीलंकालाई आर्थिक कुव्यवस्थापनमार्फत संकटमा धकेलेको आरोप लागेका राजापाक्ष भागेर केही समयसम्म विदेशी भूमिमा बसेपछि सिंगापुरबाट राजीनामा दिएका थिए ।

गत वर्ष स्थानीय तहको निर्वाचन हुने तय भए पनि सरकारले राष्ट्रव्यापी निर्वाचन गर्न देशको आर्थिक मजबुत नभएको बताएपछि निर्वाचन अनिश्चितकालका लागि स्थगित गरिएको थियो । श्रीलंकामा १८ वर्षभन्दा बढी उमेरका एक करोड ७० लाखभन्दा बढी नागरिकले सेप्टेम्बरको निर्वाचनमा मतदानका लागि योग्य मानिने छन् । निर्वाचन आयोगले यस वर्षको राष्ट्रपतिका लागि तीन करोड ३० लाख अमेरिकी डलर (१० अर्ब रूपैयाँ) विनियोजन गरेको छ । *रासस/एएफपी*

# चीनमा आँधीले तीन लाख मानिस विस्थापित



**बेइजिङ–** चीनमा आएको गेमी आँधीका कारण करिब तीन लाख मानिस विस्थापित भएका छन् । विस्थापितलाई शुक्रबार चिनियाँ अधिकारीले सुरक्षित स्थानमा स्थानान्तरण गरेका छन्। हावाहुरीसँगै परेको बर्षाले पूर्वी चीनमा बिहीबार सार्वजनिक यातायात स्थगित भएका थिए भने ताइवानमा पाँच जनाको मृत्यु भएको छ ।

आठ वर्षमा ताइवानमा आएको सबैभन्दा शक्तिशाली आँधीका कारण बिहीबार ताइवानका केही सहरी भागहरूमा बाढी र डुबानको समस्या आएको छ । फिलिपिन्सको ताइवानतर्फ जाने बाटोमा आँधी र बर्षाका कारण ठाउँठाउँमा पहिरो गएको छ भने यसका कारण २० जनाको मृत्यु भएको छ ।

फिलिपिन्सको मनिलामा बिहीबार १४ लाख लिटर तेल बोकेको टचांकर समुद्रमा डुबेपछि इन्धनको प्रदूषण फैलिनबाट रोक्ने पहलहरू गरिएको छ। उक्त टचांकर बिहीबार बिहान चीनको पूर्वी फुजियान प्रान्तमा जाने क्रममा दुर्घटना भएको सरकारी सञ्चार माध्यमले जनाएको छ । चिनियाँ अधिकारीहरूले भारी वर्षा र गेमी नाम दिइएको चक्रवातले विपत्ति निम्त्याउन सक्ने चेतावनी बिहीबार नै दिएका थिए ।

उनीहरूले फुजियानमा दुई लाख ९० हजारभन्दा बढी मानिसहरूलाई स्थानान्तरण गरेको जनाउदै केही सहरमा सार्वजनिक यातायात, कार्यालय, विद्यालयलगायत बजार बन्द भएको जनाएका छन् । छिमेकी झेझियाङ प्रान्तमा चिनियाँ राष्ट्रिय टेलिभिजन सिसिटिभी र अन्य चिनियाँ सञ्चारमाध्यममा शुक्रबार प्रसारण भएका फुटेजमा बाढीका कारण सडकहरू डुबानमा पर्दा सवारी साधन र स्थानीयहरूको यात्रा कठिन बनेको देखिन्थ्यो ।

करिब ९० लाख जनसंख्या रहेको वानझाउ सहरमा बाढी र डुबानजन्उ जोखिमको चेतावनी जारी गरिएको छ भने सात हजार मानिसहरूलाई स्थानान्तरण गरेको सिसिटिभीले जनाएको छ । गेमीले मध्य जियांसी र हेनानमासमेत भारी वर्षा निम्त्याउने सरकारी सञ्चार माध्यामले जनाएको छ ।

चीनको धेरै जनसंख्या भएको प्रान्तमध्ये एक गुआङडोङले शुक्रबार आँधीको चेतावनीपछि केही यात्रुबाहक रेल सेवाहरू स्थगित गरेको सिसिटिभीले जनाएको छ। आधिकारिक चिनियाँ मौसम नेटवर्कलाई उद्धृत गर्दै सिसिटिभीले चक्रवात करिब २० किलोमिटर प्रतिघण्टाको गतिमा उत्तरपश्चिमतर्फ अघि बढिरहेको जनाएको छ । शुक्रबार दिउँसो जियांसी पुग्दा आँधी 'बिस्तारै कमजोर' हुने जनाइएको छ ।

समाचार तयार पार्दासम्म चीनमा आँधीका कारण कसैको मृत्यु तथा घाइते भएको खबर भने आएको छैन । खराब मौसम, बाढी र डुबानको जोखिमको मौसम पूर्वानुमान निकायहरूको चेतावनीपछि बिहीबार राष्ट्रपति सी चिनफिङको अध्यक्षताको शीर्ष नेतृत्वको बैठकमा अधिकारीहरूले स्थानीय अधिकारीहरूलाई सतर्क र सक्रिय रहन आग्रह गरेका थिए । *रासस/एएफपी*

# ओबामाको समर्थनले ह्यारिसलाई राष्ट्रपतीय उम्मेदवारीका लागि थप बल पुग्ने



**वासिङ्टन–** अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले डेमोक्रचाट पार्टीका उम्मेदवार कमला हचारिसलाई राष्ट्रपतीय उम्मेदवारीका लागि समर्थन गरेका छन् । यसले हचारिसको उम्मेदवारीको सम्भावनालाई थप बल पुगेको छ ।

'यसै हप्ताको सुरुमा मिशेल र मैले साथी कमला हचारिसलाई फोन गरेका थियौं । हामीले उनलाई भनेका थियौं उहाँ संयुक्त राज्य अमेरिकाको एक शानदार राष्ट्रपति बन्नुहुने छ र उहाँलाई हाम्रो पूर्ण समर्थन रहने छ,' ओबामाले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा लेखेका छन् ।

'हाम्रो देशका लागि यो महत्त्वपूर्ण क्षणमा नोभेम्बरमा उनले जित्ने सुनिश्चित गर्न सक्दो प्रयास गर्नेछौं । सम्पूर्ण अमेरिकी शुभचिन्तक र मतदाता हामीसँग सामेल हुनुहुने छ भन्ने हामी पूर्ण आशा गर्छौं ।'

प्रभावशाली पूर्वराष्ट्रपति डेमोक्रचाटिक पार्टीका अन्तिम 'हेभी हिटर'हरूमध्ये एक थिए । हचारिसले आइतबार नै राष्ट्रपति जो बाइडेनको समर्थन प्राप्त गरिसकेकी छन् । ओबामाको समर्थनले हचारिसको चुनावी अभियानको बढ्दो गतिलाई अझ बढाउने छ । अन्तिम समयमा उम्मेदवारी घोषणा गरेदेखि नै समर्थनको आधारहरू बढ्दै गएका छन् । *रासस/एएफपी*

# हमासका नेताको इजरायली हिरासतमा मृत्यु

**जेरूसेलम–** वेस्ट ब्यांकमा रहेका हमासका एक नेताको इजरायली हिरासतमा मृत्यु भएको प्यालेस्टिनी अधिकारीले शुक्रबार बताएका छन् ।

प्यालेस्टिनी कैदी मामिला निकाय र प्यालेस्टिनी प्रिजनर्स क्लबको संयुक्त विज्ञप्तिका अनुसार दक्षिणी इजरायलको जेलबाट अस्पतालमा सारिएपछि ६३ वर्षीय मुस्तफा मोहम्मद अबू आराको मृत्यु भएको हो । 'हामी नेता शेख मुस्तफा मोहम्मद अबु आराको निधनमा शोक व्यक्त गर्दछौं र चिकित्सकीय लापरबाहीबाट भएको उनको हत्याका लागि कब्जालाई जिम्मेवार ठान्दछौं,' हमासद्वारा जारी विज्ञप्तिमा बताइएको छ ।

अबु आरालाई अक्टोबरमा गम्भीर स्वास्थ्य समस्या सामना गरिरहेको बेला पक्राउ गरिएको प्यालेस्टिनी निकायले जनाएका छन् । उनले नजरबन्दको समयमा क्रुर यातना सामना गर्नु परेको उनीहरूले बताएका छन् । इजरायली सेनाले यस विषयमा प्यालेस्टिनी टिप्पणीको कुनै जवाफ दिएको छैन । *रासस/एएफपी*

# चीन र रूसबीच दक्षिणपूर्वी एसियामा 'अतिरिक्त-क्षेत्रीय शक्ति'को प्रतिरोध गर्ने सहमति

**भिएन्ताइन, लाओस–** वासिङ्टनका शीर्ष कूटनीतिज्ञको आगमन हुनुभन्दा एकदिन अघि चीन र रूसका विदेश मन्त्रीहरूले अतिरिक्त-क्षेत्रीय शक्तिको प्रतिरोध गर्ने प्रतिबद्धता जनाउँदै शुक्रबार आफ्ना दक्षिणपूर्वी एसियाली समकक्षीहरूसँग भेट गरेका छन् ।

लाओसको राजधानी भिएन्ताइनमा आयोजित १० सदस्यीय दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) को तीन दिने बैठकमा चीनका विदेशमन्त्री वाङ यी र रुसी विदेशमन्त्री सर्गेइ लाभरोभको सहभागिता रहेको छ ।

दुवै देशका विदेशमन्त्रीले आसियान सदस्य राष्ट्रका समकक्षीहरूसँग संयुक्तरूपमा वार्ता गरेका हुन् । वाङले नयाँ बेलायती विदेश सचिव डेभिड लमीसँग पनि भेट गरेका छन् । वाङ र लाभरोभबीच बिहीबार आयोजित बैठकमा 'दक्षिणपूर्व एसियाली मामिलामा हस्तक्षेप गर्ने अतिरिक्त क्षेत्रीय शक्तिहरूको प्रतिरोध गर्न दुई देश सँगै काम गर्न सहमत भएको रूसी विदेश मन्त्रालयले जनाएको छ । उनीहरूले युरेसियामा 'नयाँ सुरक्षाका संरचना' लागू गर्न पनि छलफल गर्नुभएको लाभरोभले एक विज्ञप्तिमार्फत जारी सन्देशमा बताएका छन् ।

वाङलाई उद्धृत गरी चीनको राष्ट्रिय समाचार संस्था सिन्ह्वाले समाचारमा लेखेको छ, 'बेइजिङ रूससँग सहकार्य गर्न तयार छ । हामी एकअर्कालाई दृढतापूर्वक समर्थन गर्न र एकअर्काको मूल हितको रक्षा गर्न प्रतिबद्ध छौं ।' अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन आसियानका विदेशमन्त्रीहरूसँग वार्ताका लागि आज (शनिबार) बिहान भियन्ताइन आइपुग्ने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# फ्रान्सको उच्च गतिको रेल नेटवर्कमा आगजनी

**पेरिस–** फ्रान्सको सरकारी रेलसेवा कम्पनी एसएनसिएफमा आगजनी भएको छ । पेरिस ओलम्पिकको उद्घाटन समारोह सुरु हुनुभन्दा केही घण्टा अगाडि फ्रान्सको उच्च गतिको (टिजिभी) रेल नेटवर्कलाई अवरुद्ध पार्न एथलिटहरूले आक्रमण गरेको खेलमन्त्री अमेली ओडियाकास्टेराले शुक्रबार बताए ।

उच्च गतिको रेल सेवा नेटवर्कलाई प्रभावित पार्न भएको आगजनीसहितको आक्रमणले यातायात प्रणाली अवरुद्ध भएको छ । राष्ट्रिय रेल सञ्चालक 'एसएनसिएफ तोडफोडजन्य कार्यको सिकार भएको छ भने आक्रमणले एटलान्टिक, उत्तरी र पूर्वी लाइनहरूलाई असर गरेको छ ।

आक्रमणले रेल सुविधालाई क्षति पुऱ्याउँदा प्रभावित लाइनहरूमा 'रेल ट्राफिक अवरुद्ध' भएको तथा मर्मतसम्भारलगायतको अवस्थाले प्रभाव साताव्यापी रहने जनाइएको छ ।

आक्रमणपछि रेलहरू विभिन्न मार्गमा मोडिरहेको अवस्थामा ठूलो संख्यामा रद्द गर्नु परेको विज्ञप्तिमा उल्लेख गरिएको छ । कडा सुरक्षा व्यवस्थाबीच ग्रीष्मकालीन ओलम्पिकको उद्घाटन समारोहमा तीन लाख दर्शक तथा पाहुना उपस्थित हुने अपेक्षा गरिएको समय आकस्मिक आक्रमण गरी बदनाम गराउने प्रयास भएको छ । *रासस/एएफपी*

# जापानमा भारी वर्षाका कारण तीन जना बेपत्ता

**टोकियो–** भारी वर्षापछि आएको बाढीले नदी किनारमा निम्त्याएको कटानबाट शुक्रबार जापानमा तीन जना बेपत्ता भएको र हजारौं स्थानीयलाई उक्त स्थानबाट सुरक्षितस्थलमा स्थानान्तरण गर्नुपरेको छ ।

होन्शुको यामागाता र अकिता प्रान्तका स्थानीय सरकारहरूले दुई लाखभन्दा बढी मानिसहरूलाई उक्त ठाउँ खाली गर्न सल्लाह दिएको अग्नि तथा विपद् व्यवस्थापन समितिले जनाएको छ । तीमध्ये कम्तीमा चार हजारलाई आश्रयस्थलमा उद्धार गरिएको सार्वजनिक प्रसारणकर्ता एनएचकेले जनाएको छ ।

यामागाताको दुईवटा नदी र अकितामा एउटा नदीमा आएको बाढीले कटान निम्त्याएको एनएचकेले प्रसारण गरेको फुटेजमा देखाइएको छ । 'बेपत्ता व्यक्तिलाई खोज्ने अभियानमा रहेका दुई प्रहरी अधिकारीसहित तीन जना बेपत्ता छन्,' एक स्थानीय अधिकारीले एएफपीलाई जानकारी गराए ।

जापानको मौसम पूर्वानुमान निकायले यस हप्ता यामागाता प्रान्तको सात्का र तुजामा भारी वर्षाको अनुमान गर्दै त्यस स्थानका लागि उच्च आपत्कालीन चेतावनी जारी गरेको छ। जापान मौसम विज्ञान विभागले शुक्रबार जारी गरेको विज्ञप्तिमा सम्भावित भूस्खलन र बाढीबाट सतर्क रहन नागरिकलाई आह्वान गरेको छ । जापानले हालका वर्षहरूमा देशका धेरै भागमा अनपेक्षित भारी वर्षाको सामना गरेको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४४७०० | प्रति तोला - १४४७०० | प्रति तोला - १७३० |



**फेवातालमा बाँधेर राखिएका डुंगा**

पर्यटकीय राजधानी कास्कीको पोखरा अवस्थित फेवातालमा शुक्रबार डोरीले बाँधेर राखिएका डुंगा । *तस्विरः राधिका कँडेल/रासस*

## मौद्रिक नीति २०८१/०८२

# 'तुलनात्मक रूपमा केही लचक छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति तुलनात्मक रूपमा केही लचक आएको टिप्पणी गरेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिका केही पक्ष सकारात्मक र केही विषय अझै सम्बोधन हुन नसकेको चेम्बरले जनाएको हो ।

एक विज्ञप्ति जारी गरी चेम्बरले मौद्रिक नीतिमार्फत बैंकदर र नीतिगत दर घटाइएको विषयलाई सकारात्मक रूपमा लिएको जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'बैंक दरलाई सात प्रतिशतबाट छ दशमलव पाँच प्रतिशत र नीतिगत दरलाई पाँच दशमलव पाँचबाट पाँच प्रतिशत कायम गरिएको छ । यसले ब्याजदर घटाउन सहजता प्रदान गर्नेछ ।'

निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाका लागि मौद्रिक नीतिमा गरिएका व्यवस्थाहरू पनि सकारात्मक रहेको उल्लेख गर्दै चेम्बरले चालु आवको बजेट र मौद्रिक नीतिको प्रभावकारी समन्वयमार्फत अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने जनाएको छ । असल कर्जामा गर्नुपर्ने विद्यमान एक दशमलव २० प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई घटाएर एक दशमलव १० प्रतिशत कायम गरिनुपर्ने व्यवस्था सकारात्मक रहेको चेम्बरको ठहर छ ।

चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्नेलगायत व्यवस्था परिमार्जन गर्नेगरी विद्यमान कर्जा सूचना तथा कालोसूचीसम्बन्धी निर्देशिकामा पुनरावलोकन गरिने व्यवस्था सकारात्मक रहेको विज्ञप्तिमा उल्लेख छ ।




संस्थागत शेयर कारोबारलाई प्रोत्साहन गर्न हाल कायम रु २० करोडको कर्जा सीमा हटाउने पक्ष सकारात्मक भए पनि रु ५० लाखभन्दा माथिको कर्जा प्रवाहको जोखिमभार शत्प्रतिशत कायम गरिनुपर्ने माग सम्बोधन हुन नसकेको चेम्बरले गुनासो गरेको छ । यस्तै, घरजग्गा कारोबारलाई थप गति दिन रु ५० लाखभन्दा माथीको कर्जा जोखिमभार शत्प्रतिशत कायम गरिनुपर्ने एवं मूल्यांकनको सीमा ८०-२० को रेसियो कायम गरिनुपर्ने माग पूरा हुन नसकेको चेम्बरले उल्लेख गरेको छ ।

# 'समग्रमा ठीक छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले चालु आर्थिक वर्षको मौद्रिक नीतिले तय गरेको कार्यदिशा सकारात्मक रहेको प्रतिक्रिया दिएका छन् । नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीतिका व्यवस्थाबारे रासससँग प्रतिक्रिया दिँदै अध्यक्ष ढकालले निजी क्षेत्रले उठाइरहेका विषय र राष्ट्र बैंकलाई दिएका सुझाव सम्बोधन भएको बताए ।

यद्यपि, मौद्रिक नीति कार्यान्वयनका लागि राष्ट्र बैंकले जारी गर्ने परिपत्र (सर्कुलर) हरू कस्तो आउँछन् भन्ने कुराले पनि महत्वपूर्ण अर्थ राख्ने उनको भनाइ छ । 'मौद्रिक नीति समग्रमा सकारात्मक नै छ । तर अब सर्कुलर कसरी आउँछन् भन्ने हो । कतिपय कुराहरू सर्कुलरमा पनि भर पर्छन्', ढकालले भने ।

चालु आर्थिक वर्षका लागि साढे १२ प्रतिशतको कर्जा विस्तारको लक्ष्य राखिनु तथा त्यसका लागि सहजताको नीति लिइनु, बैंकदर र नीतिगत दर घटाइनु, चालु पुँजी कर्जा मार्गदर्शनको व्यवस्थालाई लचक बनाइनु र बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थाका लागि सहज नीति लिइनु मौद्रिक नीतिका सकारात्मक पक्ष रहेको ढकालले बताए ।

यसअघि निष्क्रिय वर्गको कर्जा नियमित भइसकेको अवस्थामा छ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था थियो । उक्त व्यवस्थालाई परिमार्जन गरी छ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्ने र उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था ल्याइनुलाई पनि मौद्रिक नीतिको सबल पक्ष रहेको उनको भनाइ छ ।

संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाहरूले मार्जिन प्रकृतिको शेयर धितोमा प्रवाह गर्ने कर्जाको अधिकतम रु २० करोडको सीमा खारेज गरेका कारण पुँजी बजारमा पनि यसले केही सकारात्मक प्रभाव रहने विश्वास उनले व्यक्त गरे ।

लामो समयदेखि समस्यामा रहेको निर्माण क्षेत्रलाई लक्षित गरी केही व्यवस्था ल्याइएको र यसले सकारात्मक नतिजा दिनेमा आफु आशावादी रहेको अध्यक्ष ढकालले बताए । मौद्रिक नीतिले निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गर्ने, उनीहरूलाई चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश नगर्नेलगायत विभिन्न सहुलियत दिइएको छ ।

# दुई वर्षभित्र देशभरका सबै घरमा विद्युत् सेवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्काले दुई वर्षभित्र सबै नागरिकको घरमा विद्युत् सेवा पुऱ्याउने लक्ष्यसहित सरकार अगाडि बढेको बताएका छन् । सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघको २०औँ स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खड्काले हाल ९८ प्रतिशत क्षेत्रमा विद्युतीकरण भइसकेकाले दुई वर्ष अगावै लक्ष्य भेट्नेगरी देशभर विद्युतीकरण गरिसक्ने बताए ।

'ऊर्जा क्षेत्रको विकासमा सरकारले राखेको लक्ष्य प्राप्त गर्नका लागि निजी क्षेत्रको साथ र सहयोग आवश्यक छ,' उनले भने, 'मुलुकको विद्युत् विकासको क्षेत्रमा सरकार निजी क्षेत्र मिलेर काम गर्नुपर्छ ।' निजी क्षेत्रको समस्या समाधान हुनेगरी आफूले काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै ऊर्जामन्त्री खड्काले विद्युत् क्षेत्रलाई आफूले नजिकबाट नियालिरहेकाले आगामी दिनमा काम गर्न सहज हुने विश्वास व्यक्त गरे । ग्रामीण क्षेत्रबाट विद्युत् प्रयोग गरेवापतको ठूलो रकम उठाएर मुलुकलाई योगदान पुऱ्याएको भन्दै उनले सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघलाई धन्यवाद व्यक्त गरे ।

महासंघ नयाँ सोच र विचारका साथ परिस्कृत हिसाबले अगाडि बढ्नुपर्नेमा जोड दिँदै मन्त्री खड्काले सामुदायिक विद्युत् उपभोक्ता समितिलाई अगाडि बढाउन सरकार महासंघको साथमा रहेको बताए ।

विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले ग्रामीण क्षेत्रका जनतालाई गुणस्तरीय विद्युत् सेवा प्रदान गर्न महासंघले भूमिका खेल्नुपर्ने बताए । उनले विद्युत् चुहावटको समस्यालाई रोक्नका लागि महासंघले खेलेको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । विसं २०६२ साउन ११ मा स्थापना भएको महासंघले जनताको प्रत्यक्ष सहभागीतामा सामुदायिक विद्युतीकरणको कामलाई अगाडि बढाउँदै आएको छ ।

महासंघका अध्यक्ष नारायण ज्ञवालीले चुहावट भएको विद्युत्लाई रोक्दै नेपालमा सामुदायिक विद्युतीकरणको अभियानलाई अगाडि बढाउन महासंघले महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । महासंघले समुदायमार्फत हाल देशभरका ५५ जिल्लामा ३०२ संस्थामार्फत विद्युतीकरणको काम गर्दै आएको छ । महासंघले हालसम्म रु एक अर्ब ८० करोड विद्युत् प्रयोग गरेवापतको रकम समुदायबाट उठाएर सरकारलाई हस्तान्तरण गरिसकेको छ भने तीन हजार ५०० जनालाई रोजगार प्रदान गरेको छ ।

# लघु जलविद्युत् र नवीकरणीय ऊर्जा प्रवर्द्धनमा जोड

**ललितपुर (प्रस)–** देशका सबै नागरिकलाई स्वच्छ ऊर्जा उपलब्ध गराउनका लागि लघु जलविद्युत् र नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ । नेपाल नवीकरणीय ऊर्जा परिसंघले शुक्रबार ललितपुरमा आयोजना गरेको अन्तरक्रियाका वक्ता एवं सहभागी सरोकारवालाहरूले लघु जलविद्युतबाट दूरदराजका धेरै जनतालाई सहयोग पुग्नेगरी विद्युत् उत्पादन भएकाले यस क्षेत्रको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धितालले लघु जलविद्युत्का लागि सहज हुनेगरी आवश्यक ऐन, कानुन तथा नीतिनियमको व्यवस्था गरिने बताए । 'लघु जलविद्युत्को उत्पादन, प्रसारण, वितरण र व्यवस्थापनमा उपभोक्ताका हितमा काम गर्छौं, आयोगबाट वैकल्पिक ऊर्जा क्षेत्रको प्रवर्द्धनका लागि महत्त्वपूर्ण काम गर्छौं,' उनले भने ।

## डेंगीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ, त्यसैलेः

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरू समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पर्यटन नीति र कानुन समयानुकूल बनाइने

■ प्रभाव संवाददाता

**राँझा (बाँके)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सरकारले समय अनुकूल पर्यटन नीति र कानुन बनाउने बताएका छन् ।

होटल व्यवसायी महासंघ लुम्बिनी प्रदेशको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनको आज बाँकेको नेपालगञ्जमा उद्घाटन गर्दै मन्त्री पाण्डेले पर्यटन नीतिमा आवश्यक सुधार गर्न अध्ययन समिति गठन गरिएको र त्यसको गहिरो अध्ययन गरेर तीन महिनाभित्र नीति बनाउने उल्लेख गरे । 'अध्ययन समितिले तीन महिनाभित्र पर्यटन नीतिमा गर्नुपर्ने सुझावसहितको प्रतिवेदन दिनेगरी कार्यगत शर्त तोकिएको छ', उनले भने, 'पर्यटन ऐन पनि समयसापेक्ष निर्माण गरी यथाशिघ्र कानुन बनाउनेतर्फ लागिपरेका छौं ।'

मन्त्री पाण्डेले लुम्बिनी पर्यटनको क्षेत्रमा विशेष सम्भावना बोकेको प्रदेश भएकाले यहाँको पर्यटन तथा होटल व्यवसायको विकासका लागि सरकारको विशेष चासो रहने बताए । 'हामी राजनीति गर्नेले राजनीतिक धर्म निर्वाह गर्छौं, होटल तथा पर्यटन व्यवसायीले पनि आफ्नो पवित्र पेशामा धर्म र निष्ठा निर्वाह गर्नुहोस्', मन्त्री पाण्डेले भने, 'अतिथिको सत्कार गर्दै हाम्रो संस्कृतिको विशिष्टतालाई उजागारसँगै संस्कृति र प्रकृतिको बजारिकरण गर्नसके होटल तथा पर्यटन क्षेत्र फस्टाउने छ ।'

नेपालको पर्यटन क्षेत्रमा ठूलो लगानीसँगै लाखौँ पर्यटक भित्र्याउने अवसर रहेको उल्लेख गर्दै मन्त्री पाण्डेले आगामी दिनमा सोहीअनुसार सरकारले काम गर्ने बताए । राजनीतिक स्थिरताका लागि नेपाली कांग्रेस र नेकपा (एमाले)बीच सत्ता सहकार्य भएको उनको भनाइ थियो ।

होटल व्यवसायी महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष भाष्कर काफ्लेले लुम्बिनी प्रदेशमा करिव ११ हजार होटल व्यवसायीले रु दुई खर्बको लगानी गरी वार्षिक करिव रु ४० करोड राज्यलाई कर तीर्दै आएका बताए । लुम्बिनी प्रदेशका १२ जिल्लाका दुई सय प्रतिनिधि सहभागि रहेको सो अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने महासंघका महासचिव दधिराम भण्डारीले जानकारी दिए ।

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक